पाठ ४८

१. के येशूले कहिल्यै पाप गर्नुभयो ?
- गर्नुभएन ।
- येशूले परमेश्वरले दिनुभएका सबै आज्ञाहरू पालन गर्नुभयो र पाप गर्नुभएन ।

२. येशूले किन परमेश्वरले दिनुभएका सबै आज्ञा पालन गर्नुभयो र पाप गर्नुभएन ?
- किनभने येशू पापमा जन्मिनुभएको थिएन ।

३. येशू किन पापमा जन्मिनुभएको थिएन ?
- किनभने येशू मानव पिताको बीजबाट जन्मिनुभएको होइन ।
- किनभने येशू मानव माताको बीजबाट जन्मिनुभएको होइन ।
- किनभने येशू नै परमेश्वर हुनुहुन्छ ।

४. के येशूबाहेक अरू कोही पापरहित छ ?
- छैन ।
- अरू सबै मानिसहरू पापमा जन्मिएका छन् ।

५. जब योसेफ र मरियमले येशूलाई मन्दिरमा फेला पारे तब उहाँले के गरिरहनुभएको थियो ?
- येशूले शिक्षकहरूबाट परमेश्वरको वचन सुनेर तिनीहरूलाई प्रश्नहरू सोधिरहनुभएको थियो ।
- येशूले शिक्षकहरूलाई परमेश्वरको वचन सिकाइ पनि रहनुभएको थियो ।

६. जबकी उहाँ १२ वर्षको मात्रै हुनुहुन्थ्यो तब उहाँलाई कसरी परमेश्वरको वचनको बारेमा कसरी थाहा भयो ?
- किनभने येशू नै परमेश्वर हुनुहुन्थ्यो ।

७. जब तिनीहरूले येशूलाई मन्दिरमा फेला पारे तब मरियमले येशूलाई के भनिन् ।
- के तपाईंहरूलाई म आफ्ना पिताको घरमा हुनुपर्छ भन्ने थाहा छैन भन्नुभयो ?

८. येशूले यसो भन्नुको मतलब के हो ?
- येशूले यसो भन्नुको मतलब पिता परमेश्वरले जे अह्राउनुहुन्छ उहाँले त्यही गर्नुहुन्छ भन्ने हो ।

९. येशू जब हुर्किरहनुभएको थियो के उहाँले योसेफ र मरियमका आज्ञा पूरा पालन गर्नुभयो ?
- गर्नुभयो ।

१०. यद्यपि येशू अरू बालक जस्तै हुनुहुन्थ्यो तर येशू कसरी फरक हुनुहुन्थ्यो ?
- येशू परमेश्‍वर हुनुहुन्थ्यो ।
- येशू पूरा परमेश्‍वर र पूरा मानव हुनुहुन्थ्यो ।

- परमेश्‍वरले जकारिया र एलिजावेथलाई यूहन्ना नाउँ गरेका एकजना छोरा दिनुभयो ।

- जकारिया र एलिजावेथका छोरा बप्तिस्मा दिने यूहन्नाका नाउँले पनि परिचित थिए ।

- परमेश्‍वरले बप्तिस्मा दिने यूहन्नालाई यहूदीहरूको हृदय तयार पार्न पठाउनुभयो ।

- कसको लागि बप्तिस्मा दिने यूहन्नाले यहूदीहरूको हृदय तयार पारिरहेका थिए ?

- येशू उद्धारकर्ताको निम्ति ।

- बप्तिस्मा दिने यूहन्नाले कसरी यहूदीहरूको हृदय तयार पारिरहेका थिए ?

- तिनीहरूलाई परमेश्‍वरको वचन सिकाएर ।

- परमेश्‍वरले बप्तिस्मा दिने यूहन्नालाई यहूदीहरूलाई सिकाउन छान्नुभयो ।

- बप्तिस्मा दिने यूहन्नाले भनेको कुरा यहाँ लेखिएको छ ।

आउनुस् मत्ती ३:१-२ पद पढौं ।

1त्यही समयमा बप्तिस्मा दिने यूहन्ना देखापरे। अनि यहूदियाको मरूभूमिमा प्रचार गर्न थाले। 2 तिनले
भने, “पश्चाताप गर, आफ्नो हृदय र रहन-सहन परिवर्तन गर, किनभने स्वर्गको राज्य चाँडै आउन लागेको
छ।”

- बप्तिस्मा दिने यूहन्नाले येहूदीहरूलाई के सिकाए ?

- बप्तिस्मा दिने यूहन्नाले यहूदीहरूलाई तिनीहरूले पश्चात्ताप गर्नै पर्छ भनेर सिकाए ।

- पश्चात्ताप गर्नु भन्नुको अर्थ के हो ?

- पहिलो, पश्चात्ताप गर्नु भनेको परमेश्वरको बारेमा हाम्रो सोचाइ परिवर्तन गर्नु हो ।

- परमेश्वर किन हामीले उहाँको बारेमा राखेको सोचाइ परिवर्तन गरेको चाहनुहुन्छ ?

- किनभने हामी परमेश्वरसम्म हाम्रो आफ्नै तरिकाले पुग्न सक्छौं भन्ने सोचाइ राख्छौं ।

- के हामी परमेश्वरलाई हाम्रो आफ्नै तरिकाले भेटाउन सक्छौं ?
- सक्दैनौं ।

- परमेश्वर पवित्र हुनुहुन्छ, र हामीले परमेश्वरलाई केवल उहाँकै तरिकाले मात्रै भेट्टाउन सक्छौं ।

- पश्चात्ताप गर्नु भनेको परमेश्वरको बारेमा हामीले राखेको सोचाइ परिवर्तन गर्नु हो, परमेश्वर पवित्र हुनुभएको हुनाले उहाँलाई केवल उहाँकै तरिकाले मात्रै भेट्न सकिन्छ ।

- दोस्रो, पश्चात्ताप गर्नु भनेको हाम्रो आफ्नो बारेमा राखेको सोचाइ परिवर्तन गर्नु हो ।

- परमेश्वर किन हामीले आफ्नो बारेमा राखेको सोचाइ परिवर्तन गरेको हेर्न चाहनुहुन्छ ?

- किनभने हामीलाई आफूले परमेश्वरको विरुद्धमा पाप गरेका छौं जस्तो लाग्दैन ।

- के हामीले परमेश्वरको विरुद्धमा पाप गरेका छौं ?
- गरेका छौं ।

- सबै मानिसहरूले परमेश्वरको विरुद्धमा पाप गरेका छन् ।

- सबै मानिसहरू पापमा जन्मिएका छन् ।

- पश्चात्ताप गर्नु भनेको हामीले आफ्नो बारेमा राखेको सोचाइ परिवर्तन गर्नु हो किनभने हामीले परमेश्वरको विरुद्धमा पाप गरेका छौं ।

- तेस्रो, पश्चात्ताप गर्नु भनेको पापको बारेमा हामीले राखेको सोचाइ परिवर्तन गर्नु हो ।

- परमेश्वरले हामीले किन पापको बारेमा राखेको सोचाइ परिवर्तन गरेको चाहनुहुन्छ ?

- किनभने हामीलाई परमेश्वरले हामीले गरेको पापको दण्ड दिनुहुने छैन भन्ने लाग्छ ।

- के परमेश्वरले सबै पापको दण्ड दिनुहुन्छ ?
- दिनुहुन्छ ।

- परमेश्वरले हामीले गरेका सबै पापको सजाय आत्मिक मृत्यु दिनुहुन्छ ।

- पश्चात्ताप गर्नु भनेको पापको बारेमा हामीले राखेको सोचाइ परिवर्तन गर्नु हो किनभने परमेश्वले सबै पापको सजाय आत्मिक मृत्यु दिनुहुन्छ ।

- बप्तिस्मा दिने यूहन्नाले यहूदीहरूलाई पश्चात्ताप गर्न भने ।

- बप्तिस्मा दिने यूहन्नाको बारेमा यशैया अगमवक्ताले यसो भनेका थिए ।

आउनुस् मत्ती ३:३ पद पढौं ।

3 बप्तिस्मा दिने यूहन्ना उही हुन् जसको विषयमा यशैया अगमवक्ताद्वारा यसो भनिएको थियो। यशैयाले भनेका थिए, "मरुभूमिमा एकजना कराइरहेछन्: 'परमप्रभुको बाटो तयार पार। उहाँका मार्गहरू सोझोबनाऊ।'"

- यशैया अगमवक्ताले भनेका थिए कि बप्तिस्मा दिने यूहन्ना एकजना हुनेछन् जसले यहूदीहरूको हृदय उद्धारकर्ताको निम्ति तैयार पार्नेछन् ।
- यद्यपि बप्तिस्मा दिने यूहन्ना एकजना अगमवक्ता थिए तर उनी एकदमै गरीब थिए ।

आउनुस् मत्ती ३:४ पद पढौं ।

4 यूहन्नाको लुगा ऊँटको रौको थियो। तिनको कम्मरमा छालाको पेटी थियो। तिनको आहार सलह र वन-मह थियो।

- बप्तिस्मा दिने यूहन्नाका लुगा उँटको रौंबाट बनेका थिए ।

- तिनी सलह र वन-मह खान्थे ।

- केही मानिसहरू भन्ठान्छन् कि यदि तिनीहरूले परमेश्वरमा विश्वास गरे भने उहाँले तिनीहरूलाई धेरै पैसा दिनुहुन्छ ।

- तर परमेश्वरले कसैलाई पनि धेरै पैसा दिन्छु भनेर वाचा गर्नुहुँदैन ।

- किनभने बप्तिस्मा दिने यूहन्नाले परमेश्वरको बारेमा सिकाए त्यसैले धेरै यहूदीहरू तिनका कुरा सुन्न आए ।

आउनुस् मत्ती ३:५-६ पद पढौं ।

[5] यूहन्नाको सन्देश सुन्न मानिसहरू एकत्र भए। यरूशलेम र सारा यहूदिया र यर्दन नदी वरिपरि सबै भागका मानिसहरू तिनीहरूकहाँ गए। [6] आफ्नो पाप स्वीकार गरे पछि मानिसहरू आए अनि यूहन्नाद्वारा यर्दन नदीमा बप्तिस्मा लिए।

- धेरै यहूदीहरूले बप्तिस्मा दिने यूहन्नाद्वारा परमेश्वरमा विश्वास गरे ।

- ती यहूदीहरूले पश्चात्ताप गरे र तिनीहरूलाई बचाइदिनुहोस् भनेर परमेश्वरमा आग्रह गरे ।

- बप्तिस्मा के हो ?

- बप्तिस्मा भनेको मानिसलाई पानीमुनि घुसाएर तुरुन्तै फेरि माथि निकाल्ने एउटा प्रथा हो ।

- बप्तिस्माको अर्थ के हो ?

- बप्तिस्मा भनेको एक तरिका हो जहाँ तपाईं पश्चात्ताप गर्नुहुन्छ र परमेश्वरले मात्रै तपाईंलाई बचाउन सक्नुहुन्छ भनेर विश्वास गर्नुहुन्छ ।

- के बप्तिस्माले यहूदीहरूलाई पाप, मृत्यु र शैतानको शक्तिबाट बचाउन सक्षम थियो ?

- थिएन ।

- किन बप्तिस्मा यहूदीहरूलाई पाप, मृत्यु र शैतानको शक्तिबाट बचाउन सक्षम थिएन ?

- किनभने मानिसलाई पानीमा घुसाउँदैमा तिनीहरूलाई बचाउन सकिदैन ।

- के बप्तिस्मा कसैलाई पाप, मृत्यु र शैतानको शक्तिबाट बचाउन सक्षम छ ?

- छैन ।

- बप्तिस्माले हामीलाई पापबाट बचाउन सक्दैन ।

- बप्तिस्माले हामीले हाम्रो पाप पखाल्न सक्दैन ।

- बप्तिस्माले हाम्रो पापको मोल चुकाउन सक्दैन ।

- कसले मात्रै हामीलाई पाप, मृत्यु र शैतानको शक्तिबाट बचाउन सक्नुहुन्छ ?

- उद्धारकर्ता येशूले ।

- बप्तिस्मा भनेको एउटा चिन्ह हो जसमा तपाईंले पश्चात्ताप गर्नुभयो र केवल परमेश्वले मात्रै तपाईंलाई बचाउन सक्नुहन्छ भनेर तपाईंले स्वीकार गर्नुभयो ।

- धेरै जना फरिसी र सदूकीहरू बप्तिस्मा दिने यूहन्नाको वचन सुन्न आए ।

- फरिसी र सदूकीहरूलाई बप्तिस्मा दिने यूहन्नाले कस्तो चेतावनी दिए ?

आउनुस् मत्ती ३:७ पद पढौं ।

7 धेरै फरिसीहरू र सदुकीहरू यूहन्नाकहाँ बप्तिस्मा लिनका निम्ति आए। जब यूहन्नाले तिनीहरूलाई देखे तिनले भने, "हे सर्पका सन्तान हो, आउन लागेको परमेश्वरको क्रोधबाट भाग्न कसले तिमीहरूलाई चेताउनी दियो?

- बप्तिस्मा दिने यहून्नाले फरिसी र सदूकीहरूलाई सर्पका सन्तान भने ।

- किन बप्तिस्मा दिने यूहन्नाले फरिसी र सदूकीहरूलाई सर्पका सन्तान भने ?

- किभने फरिसी र सदूकीहरू धैरै घमण्डी थिए ।

- किनभने फरिसी र सदूकीहरूले पश्चात्ताप गर्न इन्कार गरेका थिए ।

- फरिसी र सदूकीहरूको निम्ति बप्तिस्मा दिने यूहन्नाका वचनहरू धैरै कडा थिए ।

- यो यस कारणले कि फरिसरी र सदूकीहरू धैरै घमण्डी थिए र पश्चात्ताप गर्न इन्कार गरे ।

- जो घमण्डी छ र पश्चात्ताप गर्न इन्कार गर्छ त्यसलाई परमेश्वरले बचाउन हुँदैन ।

- परमेश्वरले त्यसलाई मात्रै बचाउनुहुन्छ जो घमण्डी छैन र पश्चात्ताप गर्छ ।

- फरिसी र सदूकीहरूलाई बप्तिस्मा दिने यूहन्नाले अरू के कुरा भने ?

आउनुस् मत्ती ३:८ पद पढौं ।

8 तिमीहरू यस्तो काम गर। जसबाट, तिमीहरूको हृदय र रहन-सहन साँच्चै परिवर्तन भएको बुझिनेछ।

- फरिसी र सदूकीहरूलाई लाग्थ्यो कि परमेश्वर तिनीहरूसँग खुशी हुनुहुन्छ ।

- फरिसी र सदूकीहरू किन तिनीहरूसँग परमेश्वर खुशी हुनुहुन्छ भनी ठान्थे ?

- किभने तिनीहरू ठान्थे कि तिनीले गरेका कामले परमेश्वरलाई तिनीहरूप्रति खुशी बन्न बाध्य तुल्याउँछ ।

- के हामीले गरेको कुनै कामले परमेश्वरलाई हामीहरूप्रति खुशी बन्न बाध्य तुल्याउँछ ?

- तुल्याउँदैन ।

- परमेश्वरलाई खुशी पार्ने एउटै काम के हो ?

- पापको निम्ति प्रायश्चित्त

- सबै मानिसहरूको निम्ति जसले परमेश्वरलाई खुशी बनाउँछ त्यो काम भनेको पापको पश्चात्ताप गर्नु हो ।

- अरू के कुराले फरिसी र सदूकीहरूलाई लाग्थ्यो कि परमेश्वर तिनीहरूसँग खुशी हुनुहुन्छ ?

- फरिसी र सदूकीहरूलाई लाग्थ्यो कि तिनीहरू अब्राहामका दरसन्तानहरू हुन् त्यसैले परमेश्वर तिनीहरूसित खुशी हुनुहुन्छ ।

- त्यसपछि बप्तिस्मा दिने यूहन्नाले के भने ?

आउनुस् मत्ती ३:९ पद पढौं ।

9 अनि 'अब्राहामनै हाम्रा पिता हुनुहुन्छ' भन्ने कुरा आपसामा विचार नगर। म तिमीहरूलाई भन्दछु, परमेश्वरले यी ढुङ्गाबाट अब्राहामका लागि सन्तान प्रदान गर्न सक्नुहुन्छ।

- बप्तिस्मा दिने यूहन्नाले फरिसी र सदूकीहरू अब्राहामका दरसन्तान भएता पनि त्यही कुराले मात्रै परमेश्वरलाई तिनीहरू प्रति खुशी बन्न बाध्य तुल्याउँदैन भने ।

- के कसैको दरसन्तान हुँदैमा त्यही कुराले परमेश्वरलाई खुशी तुल्याउँछ ?

- तुल्याउँदैन ।

- बप्तिस्मा दिने यहून्नाले यदि परमेश्वरले चाहनुभयो भने उहाँले पत्थरबाट अब्राहामका सन्तान बनाउन सक्नुहुन्छ भने ।

- बप्तिस्मा दिने यूहन्नाले अरू थप के कुरा फरिसी र सदूकीहरूलाई भने ?

आउनुस् मत्ती ३:१० पद पढौं ।

[10]अनि अहिलेनै रूखहरूको फेदमा बञ्चरो परेको छ। असल फल नफलाउने सबै रूखहरूलाई काटेर ढालिनेछ अनि आगोमा फालिनेछ।

- सबै घमण्डी र पश्चात्ताप गर्न इन्कार गर्नेहरूलाई बप्तिस्मा दिने यूहन्नाले के भने ?

- परमेश्वरले तिनीहरूलाई खराब रूखलाई जस्तै काटेर निकाल्नुहुनेछ र तिनीहरूलाई अन्नत अग्निको दहमा फ्याँक्नुहुनेछ ।

- यहाँ एउटा उदाहरण छ ।

- यदि हामीले खराब फल दिने रूख काट्यौं भने के त्यसले फेरि असल फल फलाउँछ र ?
- फलाउँदैन ।

- त्यस रूखले सधैं खराब फल फलाउँछ ।

- यदि हामीले खराब फल दिने रूखको हाँगा काटेर फाल्यौं भने के त्यसले फेरि असल हाँगा पलाएर असल फल फलाउँछ र ?

- फलाउँदैन ।

- त्यस रूखले सधैं खराब हाँगा पलाएर खराबै फल फलाउँछ ।

- हामि सबैजना त्यही खराब फल फलाउने रूख जस्तै छौं ।

- हामीले आफूले आफैलाई असल बनाउन सक्ने कुनै पनि कुरा छैन ।

- त्यसपछि बप्तिस्मा दिने यूहन्ना येशूको बारेमा भन्छन् ।

आउनुस् मत्ती ३:११ पद पढौं ।

11 "म चाहिं तिमीहरूले पश्चाताप गर्यौं भनी देखाउनका निम्ति पानीद्वारा बप्तिस्मा गरिदिन्छु। तर मपछि आउने एक जना मभन्दा शक्तिशाली हुनुहुन्छ, जसको जुत्ताको फित्ता खोल्ने लायकको म छैन, उहाँले नै तिमीहरूलाई पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुनेछ।

- जब बप्तिस्मा दिने यूहन्नाले मानिसहरूलाई पानीको बप्तिस्मा दिइरहेका थिए त्यतिखेर तिनले उनीहरूलाई येशूले तिनीहरूलाई पवित्र आत्माको बप्तिस्मा दिनुहुनेछ भने ।

- बप्तिस्मा दिने यूहन्नाले यो पनि भने कि येशू परमेश्वर हुनुहुन्थ्यो र उहाँ यति पवित्र हुनुहुन्थ्यो कि उहाँका जुत्ता बोक्न लायकको पनि तिनी थिएनन् ।

- बप्तिस्मा दिने यूहन्नाले येशूको बारेमा थप अरू के कुरा भने ?

आउनुस् मत्ती ३:१२ पद पढौं ।

12 उहाँले अन्न र भूसलाई अलग पार्न निफन्ने नाङ्गलो आफ्नो हातमा लिनु भएकोछ, उहाँले गहूँ संग्रह गरी आफ्नो गहूँको भकारीमा जम्मा गर्नुहुनेछ। अनि भूस जति ननिभ्ने आगोमा जलाउनुहुनेछ।"

- जो जो घमण्डी छन् र पश्चात्ताप गर्न इन्कार गर्छन् तिनलाई बप्तिस्मा दिने यूहन्नाले भुस जस्तै छन् भने ।

- भुस के कुराको लागि असल हुन्छ ?

- केही कुराको लागि पनि होइन ।

- यो त केवल बालिनका लागि मात्रै असल हुन्छ ।

- बप्तिस्मा दिने यूहन्नाले घमण्डी भएर पश्चात्ताप गर्न इन्कार गर्ने मानिसलाई भुसलाई जस्तै अनन्त अग्निको दहमा येशूले हाल्नुहुनेछ भने ।

- एकदिन येशू यूहन्नाद्वारा बप्तिस्मा लिनलाई आउनुभयो

आउनुस् मत्ती ३:१३-१५ पद पढौं ।

[13] त्यसैबेला येशू गालील भएर यर्दन नदीमा आउनुभयो येशू यूहन्नाद्वारा बप्तिस्मा लिनका
निम्ति यूहन्नाकहाँ आउनुभयो। [14] तर यूहन्नाले उनी येशूलाई बप्तिस्मा दिनु योग्यको छैनन्-भन्ने
कोशिश गरे उनले सोधे, "तपाईं मकहाँ बप्तिस्मा लिन किन आउनुभयो? म आफैंले तपाइँबाट
बप्तिस्मा लिनु पर्ने हो।"

[15] येशूले भन्नुभयो, "अहिलेलाई यस्तै हुनदेऊ। हामीले यसरीनै सही कुरा गर्नु पर्छ।" त्यसपछि
यूहन्ना येशूलाई बप्तिस्मा दिन राजी भए।

- के येशू पश्चात्ताप गरेको कारणले बप्तिस्मा लिनुभएको हो ?

- होइन ।

- के येशूलाई पश्चात्ताप गर्नु आवश्यक थियो ?

- थिएन ।

- येशूलाई किन पश्चात्ताप गर्नु आवश्यक थिएन ?

- किनभने येशूले कहिल्यै पाप गर्नुभएको थिएन ।

- त्यसो भए येशूले किन बप्तिस्मा लिनुभयो त ?

- किनभने येशू उहाँ उद्धारकर्ता र परमेश्वरको धार्मिकता हुनुहुन्छ भनी देखाउन चाहनुहुन्थ्यो ।

- किनभने येशू बप्तिस्मा दिने यूहन्नाले दिएको शिक्षा परमेश्वरबाट आएको हो भनी देखाउन चाहनुहुन्थ्यो ।

- किनभने येशू सबै मानिसहरूलाई असल उदाहरण देखाउन चाहनुहुन्थ्यो ।

- किनभने येशू परमेश्वरमा सबै कुरा पालन गर्न चाहनुहुन्थ्यो ।

- येशू पूर्ण रूपले परमेश्वर हुनुहुन्थ्यो ।

- किनभने येशू पिता परमेश्वरले भनेको हरेक कुरा पूर्ण रूपले पालन गर्न चाहनुहुन्थ्यो ।

- उहाँ यस धर्तिमा हुनुभएको बेलमा येशूलाई कसले अगुवाइ गरिरहनुभएको थियो ?

- पवित्र आत्मा परमेश्वरले ।

- येशूको बप्तिस्मा भइरहँदा के घटना भयो ?

आउनुस् मत्ती ३:१६-१७ पद पढौं ।

16 त्यसपछि येशू बप्तिस्मा लिएर तुरुन्तै पानीबाट माथि निस्कनु भयो। स्वर्ग उहाँको निम्ति
उघ्रियो अनि परमेश्वरको आत्मा ढुकुर जस्तै आफूमाथि आइरहेको देख्नु भयो। 17 तब स्वर्गबाट यो
वाणी आएको सुनियो। वाणिले यसो भन्यो, "यिनी मेरो प्यारो पुत्र हुन् र म यिनीसँग अत्यन्त
प्रसन्न छु।"

- पिता परमेश्वरले स्वर्गबाट बोल्नुभयो ।

- पिता परमेश्वरले येशूलाई आफ्नो छोरा भन्नुभयो ।

- येशू कसरी पिता परमेश्वरका छोरा हुनुभयो ?

- किनभने येशू परमेश्वर हुनुहुन्थ्यो जसले पिता परमेश्वरले चाहनुभएको काम गर्न स्वर्ग छोड्नुभयो ।

- जब येशूको बप्तिस्मा भयो पिता परमेश्वरले येशूको बारेमा के कुरा भन्नुभयो ?

- पिता परमेश्वरले उहाँ येशूसँग पूर्णरूपले खुशी छु भन्नुभयो ।

- त्यसपछि बप्तिस्मा दिने यूहन्नाले येशूलाई फेरि देखे ।

- यहाँ बप्तिस्मा दिने यूहन्नाले येशूलाई भनेको कुरा लेखिएको छ ।

आउनुस् यूहन्ना १:२९ पद पढौं ।

29 अर्को दिन येशूलाई आफूतिर आइरहनु भएको यूहन्नाले देखेर भने, "हेर, परमेश्वरका थुमा जसले संसारको पापहरू उठाई लाने छ।

- बप्तिस्मा दिने यूहन्नाले येशूलाई परमेश्वरका थुमा भने ।

- किन बप्तिस्मा दिने यूहन्नाले येशूलाई परमेश्वरका थुमा भने ?

- जसरी परमेश्वरले इसहाकको साटोमा मारिनको लागि भेडो दिनुभयो त्यसैगरी परमेश्वरले सबै मानिसको निम्ति मारिनको लागि येशू दिनुभयो ।

- जसरी भेडो मारियो र यसको रगतले मिश्रमा इस्रेलीहरूलाई बचायो त्यसैगरी बचाइनको लागि परमेश्वरले येशू र उहाँको रगत दिनुभयो ।